# प्रेमिका गर्भवती भएपछि युवक फरार

**कल्याण संवाददाता**

वीरगञ्ज, २८ फागुन। पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नं २ मा प्रेमिका गर्भवती भएपछि सम्पर्कविहीन भएको भन्दै एक युवकविरुद्ध उजुरी परेको छ।

दुई वर्षदेखि प्रेम सम्बन्धमा रहेकी युवती गर्भवती भएपछि सम्पर्कविहीन भएको भन्दै युवतीले स्थानीय १८ बर्षका विशालबाबु चौधरीविरुद्ध गाउँपालिकाको न्यायिक समिति र जिल्ला प्रहरी कार्यालय पर्साको महिला सेलमा उजुरी दिएकी छन्।

माझी मुसहर दलितसमुदायकी युवती र चौधरीबीच झण्डै दुईवर्षदेखि प्रेम सम्बन्ध रहेको थियो। त्यसपछि उनीहरु घर छोडेर भागेका थिए। भागेर संगै बस्दै आएका उनीहरु केही दिनअघि गाउँ फर्केका थिए। तर युवकको घर परिवारका सदस्यले सम्बन्ध अस्वीकार गरेपछि युवक सम्पर्कविहीन भएका हुन्। परिवारले नै युवकलाई भगाएको आरोप केटी पक्षले लगाएका छन्।

पटेर्वासुगौली गाउँपालिकाको उपप्रमुख ममता महतोले चौधरी नआउँदा युवती अन्यायमा परेको बताइन्।

'युवती गर्भवती छिन्, दलित समुदायको भएकोले परिवारले अस्वीकार गरेको हुन सक्छ। न्यायिक समितिमा छलफल गराएर सहमति गराउन पटक पटक कोशिस गरेका हौं' उनले भनिन् 'विशालले युवतीसँग विवाह गर्नुपर्छ भन्ने सामाजिक अगुवाहरुको धारणा छ। तर युवक सम्पर्कमा नआउँदा समस्या समाधान हुन सकेको छैन।'

युवतीका बुवाले छोरीले न्याय पाउनुपर्ने बताएका छन्। 'चौधरीले मेरी छोरीलाई गर्भवती बनाएका छन्, उनले न्याय पाउनुपर्छ' उनले भने 'उसले सहमतिमा विवाह गर्छ भने ठीकै छ, होइन भने कानुनी बाटोमा जान्छौं।'

प्रहरीले समस्या समाधानका लागि तदारुकता नदेखाएको आरोप उनीहरुले लगाएका छन्। इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक दीपक चोरवारले फरार युवकलाई झिकाउन जिल्लाबाट आदेश आए पनि घरमा नरहेकोले पठाउन नसकिएको बताए।

'विशाल चौधरीविरुद्ध हामीकहाँ कुनै उजुरी परेको छैन, जिल्लामा निवेदन परेको हुन सक्छ। जिल्लामा झिकाउन पत्र आएको थियो' प्रहरी निरीक्षक चोरवारले भने 'चौधरी घरमा छैनन्, कता गएका छन् ? खोजी गरिरहेका छौं।'

- निर्धारित मोलभन्दा बढी मोल लिई मालवस्तु बिक्री गरी कालोबजारी गर्ने, अत्याधिक मुनाफा लिने, मालवस्तुको विचलन, जम्माखोरी तथा कृत्रिम अभाव सिर्जना गर्ने, झुक्याई बिक्री वितरण गर्ने जस्ता गैरकानुनी क्रियाकलापहरु नगरौं र नगराऔं।
- सार्वजनिक यातायातमा स्वच्छ प्रतिस्पर्धा कायम गरौं। आपसी सम्झौताका आधारमा आलोपालो प्रणाली (सिण्डिकेट) लगाई उपभोक्ताहरुलाई ठगी गर्ने काम बन्द गरौं र गराऔं।
- सबै सामानहरुको अद्यावधिक मूल्य सूचि पसलमा राखौं र तोकिएको मूल्यभन्दा बढी मूल्य नलिऔं। उपभोक्ताहरुले मूल्य सूचि राखे नराखेको हेरी मूल्य भिडाई मात्र सामान खरिद गर्ने बानी बसालौं।
- कमसल तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने वस्तुको उत्पादन, बिक्री वितरण नगरौं र नगराऔं। उपभोक्तालाई झुक्याउने गरी वस्तुको नक्कल गर्ने, निम्नस्तरको वस्तु वा सेवालाई उच्चस्तरको भनी ढाँट्ने वा झुक्याउने, झुट्टा वा भ्रमात्मक प्रचार प्रसार गर्ने काम नगरौं।


**अन्सारी (आर्जु) ट्राभल्स**
**ना ३ ख ३९५९**
सुरक्षित र आरामदायी यात्राको लागि 'आर्जु'
राजविराजबाट छुटने समय  विहान : ६:२० बजे
जनकपुरबाट छुटने समय : दिउसो : ३ : १० बजे
मो. ९८१५७०८३३४


## खनियावास गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**दार्खा, धादिङ**
**बागमति प्रदेश, नेपाल**

प.स. २०७६/०७७
च.नं.
मितिः 2077/01/29

### शिलबन्दी दरभाउ पत्र पेश गर्ने बारेको संशोधित सूचना
**प्रथम पटक प्रकाशन मितिः २०७७।०१।२९**

प्रस्तुत सम्वन्धमा नेपाल सरकार, शिक्षा, विज्ञान तथ प्रविधि मन्त्रालय मार्फत यस गाउँपालिकालाई प्राप्त बजेट भ्याट सहित रू ८,००,०००।( (अक्षरूपी आठलाख रूपैया मात्र) बाट सेनेटरी प्याड खरिद गरी सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरुलाई निःशुल्क वितरण गर्नु पर्ने भएकाले तपसिल बमोजिम मापदण्ड तथा शर्तहरूको अधिनमा रही सेनेटरी प्याड आपूर्ति गर्न योग्यता पुगेकका ईच्छुक कम्पनी, फर्म तथा ब्यवसायीहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयसम्म निम्न मापदण्ड र गुणस्तर भएको सेनेटरी प्याड खरिद र आपूर्ति सम्वन्धि शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना आव्हान गरिएको छ ।

*तपशिलः*

| क्र.सं | विवरण | आवश्यक संख्या |
|---|---|---|
| १ | सेनेटरी प्याड ( निम्न उल्लेखित मापदण्ड र गुणस्तर बमोजिम | न्यूनतम १०,००० प्याक |

*शर्तहरूः*

१. शिलबन्दी दरभाउ पत्र दाताले शिलबन्दी दरभाउ पत्रकासाथ देहायका कागजातहरू पेश गर्नुपर्ने छ
  क) कम्पनी, फर्म वा ब्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
  ख) भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
  ग) करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. उल्लेखित माग गरिएको कागजातहरू नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत छाप नभएको शिलबन्दी दरभाउ पत्र उपर कारबाही हुने छैन ।
३. कुनै पनि दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ
४. मिति तथा स्थान सम्वन्धमा ।

| | | |
|---|---|---|
| क | शिलबन्दी दरभाउ पत्र खरिद गर्न सकिने अन्तिम मिति | २०७७।०२।१२ गते कार्यालय समयसम्म् |
| ख | शिलबन्दी दरभाउ पेश गर्ने अन्तिम मिति | २०७७।०२।१३ गते दिउसो १२.०० बजेसम्म । |
| ग | खोल्ने मिति र स्थान | २०७७।०२।१३ गते दिउसो २.०० बजे खनियावास गाउँपालिका कार्यालय, दार्खा, धादिङ । |

५. दरभाउ पत्रका लागि कार्यालयको आधिकारिक वेभसाईड www.khaniyabasmun.gov.np बाट download गर्न सकिनेछ । सो बापतको शुल्क रू. १,०००।- यस गाउँपालिकाको बैक अफ काठमाण्डू मा रहेको संचितकोष खाता नं. ०१८६००००००१३५२४ मा दाखिला गरि दरभाउपत्र साथ सो को भौचर पेश गर्नु पर्नेछ ।

### सेनेटरी प्याडको न्यूनतम मापदण्ड

| | |
|---|---|
| 1 | Type and physical finishing : Regular with wing, napkin with uniform thickness throughout without any wrinkles and distortion, The sanitary napkins shall have a soft feel and when worn shall not chafe or give any uncomfortable feeling. They shall free from all sorts of foreign matter. |
| 2 | Raw Material permitted:a. Absorbent filter: Plant-based raw materials such as wood pulp, cellulose pulp, bamboo fiber, banana fiber and corn which have natural sterilization effects, tissue paper, pure cotton, shall be free from lumps, oil sports, dirt or foreign material.b. coveting: The covering of the absorbent filter shall be of a good quality cotton or rayon knitted sleeving, gauze or non-woven fabric with sufficient porosity to permit the assembled pad to meet absorbency requirements. |
| 3 | Size: size including minimum (240 ± 20 mm length and 60 to 75 mm width, thickness 15 ± 2 mm) |
| 4 | Absorbency: The sanitary pad shall absorb at least 30 ml of colored distilled water and it shall not show leakage at the bottom or sides of the sanitary napkin. |
| 5 | Disposability: disposable pad with the covering removed, shall be immersed in 15 liters of water and stirred. The pad shall disintegrate in the water in not more than 5 minures |
| 6 | Colour: The product shall be white in colour and shall be almost odourless. |
| 7 | PH Value: free from acid and alkali, PH of absorbent material shall be 6-8.5 ( tested as per the method given in Indian standard 1390) |
| 8 | Hygiene testing requirement: Total viable count ( Total number of bacteria and fungi ) shall be not more than 1000 cfu/gm and absence of staphylococcus aureus in accordance with IS 5887 |
| | Part 2 |
| 9 | The manufacturer shall declare that all ingredients used in the product are safe for human use based on its known toxicological characteristics at intended use. |
| 10 | Packaging types: at least 90% compostable pack, protecting package to product |
| 11 | Packaging size: minimum 8 pads per pack |
| 12 | Biodegradability or compos ability requirements:At least 90% degrade within 6 months (testing is performed and conformed from recognized and approved laboratory) |

.................
**विष्णु प्रसाद गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**

# सरसफाईमा ध्यान देऊ, साबुन पानीले हात धुनुस र सरुवा रोगबाट बचौं।

जनहितमा कल्याण पोष्ट दैनिक

**प्रकाशक : जनमुखी पब्लिकेसन प्रा.लि., सम्पादक : माला कुमारी कर्ण, (९८४२८५२२८८) प्रबन्ध सम्पादक : जयप्रकाश चौधरी (९८२५७००६९४), सह-सम्पादक : अधिवक्ता ध्रुव कुमार मण्डल (९८०७७३११८३), व्यवस्थापक : सरस्वती चौधरी व्यवस्थापन सल्लाहकार डा. कैलाश प्रसाद साह, कानुनी सल्लाहकार : अधिवक्ता अजय कुमार चौधरी मुख्य कार्यालय : खडक नपा-८, विसनपुर चौक । सम्पर्क कार्यालय : राजविराज-१, बाल मन्दिर रोड फोन : ०३१-५२३७२८। Email : kalyanpostdaily@gmail.com मुद्रक : उषा अफसेट प्रेस, राजविराज-३**